जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ अंक १९४ २०७९ साल फागुन १९ गते शुक्रबार (3 Mar. 2023 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : मिथिलामा सुरु भयो... ३ पृष्ठमा : 'महिलाको प्रतिनिधित्व बढाउन... ३ पृष्ठमा : बाह्र वर्षीय छोराको अगाडि...

# विभिन्न घटना तथा न्युनिकरण बारे सचेतना फैलाउँदै प्रहरी






**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

जिल्लामा बढ्दै गएको आगलागी तथा विभिन्न समाजिक कुरिती र विकृतिका घटनाहरु बारे जिल्ला प्रहरी कार्यालय सप्तरीले सचेतना दिइरहेको छ ।

ती घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले गाउँ गाउँमा पुगेर सचेतना अभियान सुरु गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

अभियान अन्तर्गत प्रत्येक पालिकाको टोल र विद्यालयमा पुगेर आगलागी नियन्त्रण, महिला हिंसा, दाईजो प्रथा र छुवाछुत, लागु औषधको प्रयोग र यसबाट हुने हानी, ट्राफिक व्यवस्थापन, साइबर अपराध लगायतका विषयमा सचेतना अभियान चलाइएको हो ।

सामुदायीक प्रहरी साझेदारी अवधारणा अन्तर्गत चलाइएको अभियान अहिले सुरुंगा नगरपालिका, बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कंचनरुप नगरपालिका, डाक्नेश्वरी नगरपालिकामा शूरु भईसकेको प्रहरी उपरिक्षक नरेन्द्र कार्कीले जानकारी दिए ।

यस्तै विष्णुपुर गाउँपालिका, तिलाठी कोईलाडी गाउँपालिका, राजगढ गाउँपालिका र बलान विहुल गाउँपालिकामा समेत उक्त कार्यक्रम संचालनमा रहेको उनले बताए । अभियान अन्तर्गत प्रहरीका अनुभवी एवं तालिम प्राप्त अधिकारीद्वारा स्थानीय भरभलादमी, वालबालिका, यूवा, शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई आगलागी नियन्त्रण, लागु औषध, मादक पर्दाथको नकारात्मक असर, सडक सुरक्षा, ट्राफिक व्यवस्थापन, महिला हिंसा, दाईजो प्रथा र छुवाछुत, साईवर अपराध सम्बन्धि श्रब्य दृश्य मार्फत समेत प्रशिक्षण दिन थालिएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी नरेश कुमार सिंहले जानकारी दिए ।

एक साता अघि सूरु भएको अभियान अन्तर्गत विहिवार सुरुंगा नगरपालिका, विष्णुपुर गाउँपालिका, डाक्नेश्वरी नगरपालिका, तिलाठी कोईलाडी गाउँपालिका, बोदेबर्साइन नगरपालिका, खडक नगरपालिका र बलान विहुल गाउँपालिकामा आगलागी नियन्त्रण सम्बन्धि सचेतना कार्यक्रम सम्पन्न गरिसकेको डिएसपी सिंहले बताए ।

यस्तै बोदेबसाईन नगरपालिकाको विभिन्न वडामा दाइजो प्रथा तथा छुवाछुत, हनुमाननगर कंकालिनी नगरपालिकामा ट्राफिक व्यवस्थापन र राजगढ गाउँपालिकाको बनैनियामा लागु औषध सम्बन्धि सचेतना कार्यक्रम गरिएको प्रहरीले जनाएको छ ।

कतिपय सर्वसाधारणलाई अझै पनि आगलागी हुन नदिन तथा भईहाले कसरी नियन्त्रण गर्ने

*बाँकी दुई पृष्ठमा*

# टिपरको ठक्करबाट मोटरसाइकल चालक घाइते

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरीको खडक नगरपालिका ८ मा टिपरको ठक्करबाट मोटरसाइकल चालक घाइते भएका छन् ।

सो नगरपालिका बिसनपुर चौकस्थित राजमार्गमा पश्चिमबाट पुर्वतर्फ जादै गरेको मधेश प्रदेश ०१-००४प.५२६१ नं.को मोटरसाइकललाई सोहि दिशातर्फ जादै गरेको स.१क. २५२ नं. को टिपरले ठक्कर दिएको हो ।

सो ठक्करबाट मोटरसाइकल चालक उक्त नगरपालिका ५ बस्ने २० वर्षिय पारस चौधरी घाइते भएका छन् । उनको हात खुटामा चोट लागेको र अवस्था समान्य रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले ठक्कर दिने टिपर र चालकलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।

# चुलोको खरानी राम्ररी ननिभाउदा गेठियाको घर खरानी

**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ८ जमुवा टोल बस्ने हरेकृष्ण गेठियाको घरमा बिहीबार आगलागि हुँदा उनको घर खरानी भएको छ ।

खाना पकाएर चुलोबाट निकालिएको खरानी राम्ररी ननिभाउदा सल्केको आगोले उनको घर खरानी बनाएको हो । आगोले ७० हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

फुसको संरचना भएका घरका साथै सबै सामान जलेर नष्ट भएको डिएसपी नरेश कुमार सिंहले जानकारी दिए । उनका अनुसार गेठियाको घरमा रहेको लत्ताकपडा, खाद्यान्न, फर्निचर लगायतका सबै सरसामान जलेर नष्ट भएको छ । स्थानियवासी र प्रहरीको संयुक्त प्रयासमा एक घण्टाको प्रयासपछि आगोमाथि नियन्त्रण कायम गरिएको र बस्तीलाई थप क्षति हुनबाट जोगाइएको प्रहरीले जनाएको छ ।

# हनुमाननगर कंकालिनीमा पहिलो पटक राष्ट्रपति कप




**दैनिक समाचारदाता**
**राजविराज, १८ फागुन ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकामा पाँच वर्षको अवधीमा पहिलो पटक नगर स्तरिय प्रथम राष्ट्रपति रनिङ शिलड तथा माध्यमिक विद्यालय स्तरिय खेलकुद प्रतियोगिता बिहीबारदेखी सुरु भएको छ ।

भारदहस्थित विपि स्मारक पब्लिक माधयमिक विद्यालयको खेलमैदानमा प्रतियोगिता सुरु भएको हो । हनुमाननगर कंकालिनी नगरपालिकाको

*बाँकी अन्तिम पृष्ठमा*

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**



**तपाईंकै सहर राजविराजमा**



आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लास्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

# 'महिलाको प्रतिनिधित्व बढाउन दलभित्र शुद्धीकरण आवश्यक'

काठमाडौं, १८ फागुन (रासस)।
सरोकारवालाहरुले समानुपातिक समावेशी प्रतिनिधित्वमा महिलाको सहभागिता बढाउन राजनीतिक दलभित्र शुद्धीकरणको आवश्यकता रहेको औँल्याएका छन्।

बिहीबार बसेको राष्ट्रिय सरोकार तथा समन्वय समितिको बैठकमा समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे भएको छलफलमा राष्ट्रियसभा, प्रतिनिधिसभा र प्रदेशसभाका सांसद तथा नेताहरुले राजनैतिक दल लैङ्गिकमैत्री बन्नुपर्नेमा जोड दिए।

समितिका सभापति दिलकुमारी रावल पार्वतीले समानुपातिक समावेशी प्रतिनिधित्वका लागि राजनीतिक दल उत्तरदायी बन्नुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "सङ्घीय संसद् र प्रदेशसभाबाट बनाइने कानुन संविधानमा भएको व्यवस्थाअनुसार महिलामैत्री बनाउन सांसद सचेत हुनुपर्छ।" उहाँले समानुपातिक प्रतिनिधित्वमा विगतमा धेरै पटक राजनीतिक दललाई निर्वाचन प्रणाली विषयमा समितिले उत्तरदायी बनाउन छलफल भएको गरेको बताउनुभयो। बैठकमा जुरी नेपालका अधिवक्ता मोहनलाल आचार्यले समानुपातिक समावेशी प्रतिनिधित्वसम्बन्धी कानुनी व्यवस्था र वर्तमान अवस्थाबारे अध्ययन प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। उहाँले संविधानको धारा ३८ मा टेकेर महिला अधिकारका लागि कानून नबनेको बताउनुभयो।

उहाँले राजनैतिक दल आफैँमा लैङ्गिकमैत्री नहुनु मुख्य चुनौती भएको बताउनुभयो। उहाँले ३३ प्रतिशत प्रतिनिधित्व हो वा समानुपातिक हो भन्ने विषयमा स्पष्टता नभएको बताउनुभएको थियो। नेकपा (एमाले)का सांसद महेश बर्तौलाले दलभित्र लैङ्गिकमैत्री वातवरण तयार नभएसम्म महिला नेतृत्वको सहभागिता बढ्न नसक्ने बताउनुभयो। उहाँले भन्नुभयो, "दलभित्र लैङ्गिकमैत्री वातावरण बन्नुपर्छ। अर्कातर्फ महिलाभित्र पनि चेपाङ, मुसहर, दलित र सिमान्तकृत समुदायको प्रतिनिधित्व हुन आवश्यक छ।"

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद विनिता कठायतले महिला नेतृत्वले महिलाकै मुद्दा र जनताको मुद्दा उठाउन नसक्दा नेतृत्वप्रति विश्वास प्राप्त गर्न नसकेको बताउनुभयो। "महिला भएकै कारण नेता बन्ने भन्दा पनि महिला नेताहरुले आफ्नो क्षमताको विकास र जनताको मुद्दा बुझ्नतर्फ ध्यान दिन आवश्यक छ", उहाँले भन्नुभयो।

नेकपा (एमाले)का सांसद सोनाम गेल्जेन शेर्पाले दलीय शासनमा दल सुधार नभएसम्म महिला, आदिवासी र जनजातिका मुद्दाअघि बढ्न नसक्ने बताउनुभयो। नेकपा (माओवादी केन्द्र)का नेता देवी खड्काले समानुपातिक सहभागिताका लागि दलभित्र सुधार गर्न आवश्यक भएको धारणा राख्नुभयो। उहाँले भन्नुभयो, "समस्या पार्टीभित्र छ। पार्टी शुद्धिकरण नगरेसम्म समानुपातिक सहभागितामा सुधार हुन सक्दैन।" रास्वपाका सांसद सुमना श्रेष्ठले निर्वाचनमा हुने फजुल खर्च नियन्त्रण गर्नपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "पैसा बिना पनि निर्वाचनमा उम्मेदवार बन्न र निर्वाचित हुन सकिन्छ भन्ने वातवरण बनाउन आवश्यक छ। यसले उम्मेदवारमा आत्मविश्वास बढ्छ।" उहाँले निर्वाचनका समयमा उम्मेदवारले भड्किलो खर्च नगर्ने संयन्त्रको व्यवस्था गर्नपर्नेमा जोड दिनुभयो।

बैठकमा प्रत्यक्ष निर्वाचन प्रणालीमा महिलाको सहभागिता बढाउने, प्रतिनिधित्व गर्ने महिलाबीच एकताबद्ध आवाज बनाउनुपर्ने लगायतका विषयमा छलफल भएको थियो।


शम्भुनाथ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कठौना, ससरी

मधेश प्रदेश, नेपाल

फोन नं. ०३१-४१०१११

पत्र संख्याः २०७९/८० चलानी नं

### प्रस्ताव आव्हान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशितमिति २०७९/११/१८**

प्रस्तुत विषयमा शम्भुनाथ नगरपालिकाको आ.व. २०७९/८० को सर्शत अनुदान तर्फ प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, शम्भुनाथ नगरपालिका अन्तर्गत तपशिल बमोजिमका कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि वा पशु फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात २०७९/१२/०२ गते भित्र यस शम्भुनाथ नगरपालिका पशु सेवा शाखामा तोकिएको ढाँचा (अनुसूची १०) अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीको लागी पशु सेवा शाखामा सम्पर्क गर्न सकिने छ।

| क.स. | कार्यकमको नाम | मापदण्ड | संचालन हुने स्थान |
|---|---|---|---|
| १ | नयाँ माछा पकेट बिकास कार्यक्रम संचालन | ६ हेक्टर (९ बिघा) | शम्भुनाथ नगरपालिका |

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१.सम्बन्धित निकायमा कृषि समुह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नबिकरण भएको प्रमाण पत्रको प्रतिलिपि।
२.कार्यक्रम संचालन हुने स्थान जग्गा जमिनको स्वमित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौता पत्र।
३. निवेदकको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि।
४. कार्य समितिको निर्णयको प्रतिलिपि।
५. सम्बन्धित वडाको सिफारिस।
६. आवेदन साथरु १० को टिकट।
७ .संस्था पान नं.को प्रतिलिपि।
८. आ.व.२०७८/०७९को कर चुक्ता प्रामाण पत्रको प्रतिलिपि।
९. पकेट एरिया एउटै कोरिडोर(चक्ला बन्दी)
१०. एउटै संख्यामा जग्गाको क्षेत्रफलनपुग्ने भएमा २ वा २ भन्दा बढी समुह/संख्या मिलेर पेश गर्न सकिने छ।

प्रमुख प्रशासकिय अधिकृत



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

अनुरोधकर्ता
शम्भुनाथ नगरपालिका, सप्तरी


## विश्व समाचार

### बाह्र वर्षीय छोराको अगाडि गोली हानेर बाबुको हत्या

सिड्नी, १८ फागुन (रासस/सिन्ह्वा)।
यहाँ एक १२ वर्षीय किशोरका अगाडि गोली हानेर उनका बाबुको हत्या भएको छ। मार्शल आर्ट जिममा प्रवेश गर्ने योजनामा रहेका एक व्यक्तिलाई निजकै कारबिहर गोली हानी हत्या गरिएको साउथ वेल्स राज्यको प्रहरीले जनाएको छ।

गोली प्रहारका बेला उनका छोरा साथमै रहेका प्रहरीले एक विज्ञप्ति निकालेर बताएको छ। प्रहरीले यो सङ्गठित अपराधको लक्षित आक्रमण भएको आशङ्का गरेको छ। चालीस वर्षीय ती व्यक्तिलाई गोली लागेको अवस्थामा भेटिएको तथा चिकित्सा सहायकहरुको प्रयासका बाबजुद उनको घटनास्थलमै मृत्यु भएको थियो। हत्याको कारण खुलेको छैन। प्रहरी अनुसन्धान जारी छ।

हिंसात्मक उक्त आक्रमणबाट ती किशोरलाई मानसिक आघात पुगेको ठानिएको छ। आक्रमणकारी माज्दा कार चढेर आएका आक्रमणकारीले हत्यापछि उक्त कार जलाएको जनाउँदै प्रहरीले त्यससम्बन्धी क्लोज सर्किट टेलिभिजन फुटेजका लागि स्थानीय बासिन्दासँग अनुरोध गरेको छ।

### सैनिका कारबाहीमा चार जना विद्रोही मारिए

मनिला, १८ फागुन (रासस/सिन्ह्वा)।
मध्यफिलिपिन्समा राष्ट्रिय सेनाले गरेको कारबाहीमा चार जना संदिग्ध विद्रोही मारिएका छन्। नेग्रोस ओक्सीडेन्टल प्रान्तको एक शहरको बाहिरी भागमा बुधबार गरिएको कारबाहीमा उनीहरू मारिएका सैनिक प्रवक्ताले बिहीबार बताएका हुन्। कर्णेल जोरी बाक्लोरका अनुसार सेनाले ग्रेनेड लन्चर, एक ४७ राइफललगायत विभिन्न हातहतियार पनि बरामद गरेको छ। मारिएका न्यू पिपल्स आर्मी (एनपीए)का सदस्य भएको आशङ्का गरिएको छ। सन् १९६९ देखि एनपीए विद्रोही सरकारविरुद्ध सङ्घर्ष गर्दै आएका छन्। उक्त समूहले ग्रामीण क्षेत्रमा आक्रमण केन्द्रित गर्दै आएको छ। सन् १९८० मा निकै शक्तिशाली विद्रोही शक्तिका रुपमा स्थापित एनपीएमा अहिले दुई हजारको हाराहारीमा सदस्य रहेका सैन्य तथ्याङ्कले देखाएको छ।

### मलेसियामा फेरि भीषण बाढी

क्वालालम्पुर, १८ फागुन (रासस/एपी)।
मलेसियामा फेरि भीषण बाढी आएको छ। गाउँ-शहर जलमग्न भएका छन्। उद्धारकर्ताहरूले घरको छतबाट पीडितहरूलाई सुरक्षित स्थानमा पुऱ्याएका छन्। बिहीबार बिहानसम्म बाढीबाट एक जनाको मृत्यु भएको उद्धारकर्ताहरूले बताएका छन्। बाढीले कार बगाउँदा उनको मृत्यु भएको हो। छब्बीस हजारभन्दा बढीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ।

दक्षिणी जोहोर राज्य र छिमेकी सिङ्गापुर सबैभन्दा बढी प्रभावित भएका छन्। बुधवारको अविरल वर्षाले समस्या थपिएको छ। देशका पाँच राज्य बाढीको चपेटामा परेका छन्। सरकारी अधिकारीहरूका अनुसार विद्यालय र सामुदायिक भवनमा पीडितहरूलाई सारेर राहतका कार्यक्रम सञ्चालन गरिएको छ। गत नोभेम्बरमा बाढीबाट पीडित भएको मलेसियामा पुनः बाढीले जनजीवन तहसनहस पारेको छ। मौसम विज्ञान विभागले आगामी एप्रिलसम्म वर्षा हुने जनाउँदै सबैलाई सचेत र सतर्क रहन आह्वान गरेको छ। जोहोर राज्यका सडक जलमग्न भएका छन्। केहीमा क्षति पनि भएको छ।

सामाजिक सञ्जालमा पोष्ट गरिएका तस्बिरमा सवारीसाधन, घर र पसल डुबेका देखिन्छन्। राष्ट्रिय बाढी प्रकोप नियन्त्रण निकायले पोष्ट गरेका तस्बिरमा बच्चालाई बाल्टिनमा बोकेर सुरक्षित स्थानमा लगिएको देखिन्छ। देशका २५ नदीमा पानीको सतह खतराको तहमा पुगेको उक्त निकायले जनाएको छ। भारी वर्षाका कारण हालसम्म एक सय दुई स्थानमा पटक पहिरो गएको छ।

### भूराजनीतिक तनाव अन्त्यका लागि एकताको आह्वान

नयाँदिल्ली, १८ फागुन (रासस/सिन्ह्वा)।
भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भूराजनीतिक तनाव अन्त्यका लागि जी ट्वेन्टी सदस्य राष्ट्र एकताबद्ध हुनुपर्ने बताउनुभएको छ। प्रधानमन्त्री मोदीले बिहीबार यहाँ आयोजित जी ट्वेन्टी सदस्य राष्ट्रका विदेश मन्त्रीहरूको बैठकमा विद्यमान भूराजनीतिक तनाव समाधान गर्न सदस्य मुलुकहरूलाई एकताबद्ध हुन अपील गर्नुभएको हो।

प्रधानमन्त्री मोदीले विकास, आर्थिक लचिलोपन, वित्तीय स्थायित्व, भ्रष्टाचार, आतङ्कवाद र खाद्य तथा ऊर्जा सुरक्षाका चुनौतीको सामना गर्न विश्वले जी ट्वेन्टीलाई आशा र भरोसका कासथ हेरेको बताउनुभयो। उहाँले समूहको अध्यक्षका नाताले भारतले 'एक पृथ्वी, एक परिवार र एकै भविष्य' समूहको आदर्श वाक्य चयन गरेको उल्लेख गर्दै यसको उद्देश्य एकता र साझेदारी भएको स्पष्ट गर्नुभयो। उक्त आदर्श वाक्यले साझा उद्देश्य प्राप्तिका लागि एकजुट हुने भावना झल्काउनेमा विश्वस्त रहेको प्रधानमन्त्री मोदीले बताउनुभयो।

विश्वव्यापी विभाजनको समयमा भएको विदेशमन्त्रीहरूको बैठक भूराजनीतिक तनावबाट प्रभावित हुनु सामान्य भए पनि यो तनाव कसरी समाधान गर्ने भन्ने बारेमा हामीबीच पृथक अडान र दृष्टिकोण भए पनि एकताबद्ध भएर त्यसलाई अन्त्य गर्नेतर्फ लाग्नु श्रेयस्कर हुने अभिमत प्रधानमन्त्री मोदीले प्रकट गर्नुभयो। बैठकका अध्यक्ष भारतीय विदेश मन्त्री एस जयशङ्करले वैश्विक दवाब र प्रणालीगत चुनौतीको सामना गर्दै बहुपक्षीयताको प्रवर्द्धनमा जोड दिनुभयो। उहाँले खाद्य र ऊर्जा सुरक्षा चिन्ताका विषय भएका बताउँदै तिनको दीर्घकालीन समाधान खोजिनुपर्ने विचार व्यक्त गर्नुभयो। विश्व अर्थतन्त्रका लागि ती महत्वपूर्ण विषय भएकाले सोहीअनुसार व्यवहार गर्नुपर्ने उहाँले बताउनुभयो।

# बालिका बलात्कार कसुरमा १२ र १३ वर्ष कैद सजाय

सप्तरी, १८ फागुन (रासस)।
बालिका बलात्कार कसुरमा सप्तरीको डाक्नेश्वरी नगरपालिका-१ मधुबनीका २० वर्षीय ब्रह्मदेव साहलाई बिहीबार १२ वर्ष कैद सजाय भएको छ।

जिल्ला न्यायाधीश नविनकुमार जोशीको इजलासले साहलाई १२ वर्ष कैद सजायको फैसला गरेको जिल्ला अदालतका सूचना अधिकारी भरतमणि पोखरेलले जानकारी दिनुभयो। आरोपितले पीडितलाई रु ५० हजार क्षतिपूर्ति दिनुपर्ने फैसला भएको छ। अभियुक्तले पीडितकै घरमा विसं २०७५ असोज १६ गते दिउँसो बलात्कार गरेको भन्दै निजकी आमाले जिल्ला प्रहरी कार्यालयमा विसं २०७५ असोज १७ गते उजुरी दिनुभएको थियो। पीडितका बुबा वैदेशिक रोजगारमा रहेको र आमा जितिया पर्व मनाउन गाउँतर्फ गएका बेला घरको धारामा भाँडावर्तन धोइरहेकी पीडितलाई आरोपितले जबरजस्ती घरभित्र लगी बलात्कार गरेको पीडितले बयान दिएकी थिइन्।

फरार रहेका आरोपित जिल्ला अदालतमा विसं २०७६ चैत ३ गते हाजिर भएपछि सोही मितिदेखि थुनामा राखनी पुर्पक्ष गर्न अदालतले आदेश दिएको थियो। यसैगरी १६ वर्षीया अर्की एक बालिकालाई सामूहिक बलात्कार गर्ने आरोपितमध्ये डाक्नेश्वरी नगरपालिका-८ प्रवाह घर भई शम्भुनाथ नगरपालिका-१२ अर्नाहाचोक बस्ने ३० वर्षीय मनोज विश्वकर्मालाई बलात्कार कसुर ठहर गर्दै १३ वर्ष कैद सजाय भएको छ।

जिल्ला न्यायाधीश रमेशप्रसाद ज्ञवालीको इजलासले निजलाई १३ वर्ष कैदका साथै रु एक लाख पीडितका लागि क्षतिपूर्ति भराउन र रु एक हजार आठ सय फौजदारी कसुर पीडित राहत कोषमा जम्मा गराउन फैसला भएको सूचना अधिकारी पोखरेलले बताउनुभयो। अन्य आरोपित खड्क नगरपालिका-४ पन्सेरा घर भई बोदे बर्साइन नगरपालिका-५ बजार बस्ने २१ वर्षीय कैला विश्वकर्मा र बोदे बर्साइन नगरपालिका-६ फुलकाही खमगाडा घर भई बोदे बर्साइन नगरपालिका-५ स्थित बजार बस्ने ३५ वर्षीय दीपक विश्वकर्मा फरार रहेकाले उनीहरूका हकमा मुद्दा मुल्तबीमा राख्ने अन्तिम आदेश भएको छ।

## हनुमाननगर ...

आयोजनामा सुरु भएको प्रतियोगिताको प्रमुख अतिथि प्रदेशसभा सदस्य मो. सकिल तथा नगर प्रमुख बिरेन्द्र माझीले ब्यानर अनावरण गरेर उद्घाटन गरे।

विद्यालय विद्यालयबीच भावनात्मक सम्बन्धको विकास तथा विद्यालयस्तरबाट विभिन्न खेलका उत्कृष्ट खेलाडी उत्पादन गर्ने उद्देश्यले पहिलो पल्ट नगरमा उक्त प्रतियोगिताको आयोजना गरिएको नगर प्रमुख बिरेन्द्र माझीले बताए। उनले राष्ट्रिय अन्तराष्ट्रिय स्तरका खेलाडी उत्पादनका लागि नगरपालिकाको साधन श्रोतले भ्याएसम्म लगानी गर्ने प्रतिबद्धता पनि जनाए।

नगरका इष्टर्न ज्योती सेकेन्ड्री स्कुल, शिशु कल्याण विद्या मन्दिर, कंकालिनी माध्यमिक विद्यालय, महाविर माध्यमिक विद्यालय, सप्तकोशी सेकेन्ड्री स्कुल, मधवापुर माध्यमिक विद्यालय, रम्पुरा माध्यमिक विद्यालय र विपि स्मारक पब्लिक माध्यमिक विद्यालय गरि ८ विद्यालयका झण्डै ७ सय ५० खेलाडी प्रतियोगितामा सहभागि छन्।

उद्घाटन समारोहमा सहभागि प्रमुख अतिथि तथा अतिथिहरु ४ सय मिटरको दौडमा समेत सहभागि भई खेलको रोचक ढंगले शुभारम्भ गरेका छन्। १७ जना सहभागि उक्त ४ सय मिटरको दौडमा नगरपालिकाका शिक्षा अधिकृत हरिनारायण साह, हनुमाननगर कंकालिनी नगरपालिकाका नगर प्रमुख बिरेन्द्र माझी, वडा अध्यक्ष राकेश ठाकुर र प्रमुख प्रशासकीय अधिकृत हरिमोहन सुतिहार क्रमशः प्रथम, द्वितिय, तितृय र चतुर्थ भए।

प्रतियोगिता शुक्रबारसम्म चल्ने छ। प्रतियोगितामा एथलेटिक्स र कबडीका खेलहरु हुनेछन्। नगरप्रमुख माझीको अध्यक्षतमा आयोजित उद्घाटन समारोहमा उपप्रमुख सरिता यादव, पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देव, इष्टर्न ज्योती सेकेन्ड्री स्कुलका संस्थापक प्रिन्सिपल थानेश्वर साह, जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख दिनेश भुजेल लगायतले पनि शुभकामना दिएका थिए।

# सर्लाहीका विद्यालयलाई शिक्षक अभाव

सर्लाही, १८ फागुन (रासस)।
सर्लाहीका सामुदायिक विद्यालयमा शिक्षक अभावको समस्या देखिएको छ। जिल्लामा चार सय ५१ सामुदायिक विद्यालय छन् र ती विद्यालयमा न्यूनतम पाँच हजार तीन सय १७ शिक्षकको दरबन्दी आवश्यक पर्छ। तर यहाँ दरबन्दीमा कार्यरत शिक्षकको सङ्ख्या दुई हजार तीन सय ८८ मात्र छ।

जिल्लामा दरबन्दीअनुसार अझै दुई हजार नौ सय ३९ शिक्षक आवश्यक भएको शिक्षा विकास तथा समन्वय एकाइ सर्लाहीका प्राविधिक सहायक सुनिल कुशवाहले जानकारी दिनुभयो। जिल्लामा दुई सय ५० प्रावि तहका संस्थागत विद्यालय, ४१ आधारभूत तहका संस्थागत र ४५ माध्यमिक तहका संस्थागत विद्यालय छन्। जिल्लामा ८६ परम्परागत विद्यालय रहेका कुशवाह बताउनुहुन्छ। जिल्लामा दुई लाख ३४ हजार एक सय ६३ विद्यार्थी अध्ययनरत छन्।

"विद्यार्थी सङ्ख्याको अनुपातमा विभिन्न तहमा शिक्षक दरबन्दी अभाव रहेको छ", उहाँले भन्नुभयो, "विसं २०५७ देखि स्वीकृत शिक्षक दरबन्दी तथा विसं २०६७ देखि शिक्षक अनुदान कोटा (राहत) थपिएको छैन।" जिल्लाका चार सय ५१ सामुदायिक विद्यालयमध्ये एक सय २६ विद्यालयमा हालसम्म एउटा पनि बालविकास केन्द्र नरहेको कुशवाहले जानकारी दिनुभयो।

यसैगरी जिल्लामा दुई सय ९७ प्राथमिक तहका सामुदायिक विद्यालयमध्ये ३६ विद्यालय, ५६ आधारभूत तहका सामुदायिक विद्यालयमध्ये ३० तथा ९८ माध्यमिक तहका सामुदायिक विद्यालयमध्ये १९ वटामा तहगत दरबन्दी नरहेको उहाँले बताउनुभयो।

पदपूर्ति नहुँदा सामुदायिक विद्यालयलाई गुणस्तरीय शिक्षा प्रवाह गर्न पनि कठिनाइ भएको गुनासो आउने गरेको प्राविधिक सहायक कुशवाह बताउनुहुन्छ। जिल्लामा अधिकांश सामुदायिक विद्यालयमा तहगत शिक्षक, विषयगत शिक्षक र विद्यार्थी तथा शिक्षकको अनुपात मिलान नहुँदा पनि पठनपाठनमा समस्या हुने गरेको छ।

# एमालेको 'मिसन ग्रासरूट' अभियान : जिल्लाजिल्लामा अभिमुखीकरण

काठमाडौँ, १८ फागुन (रासस)।
नेकपा (एमाले)ले यही फागुन ५ गतेदेखि सुरु गरेको दुई महिने वैचारिक तथा साङ्गठानिक सुदृढीकरण अभियान 'मिसन ग्रासरूट' अन्तर्गत विभिन्न जिल्लामा अभिमुखीकरणलगायतका गतिविधि सञ्चालन गरेको छ।

निर्वाचनपछि पार्टी र जनताको सम्बन्ध ताजगीकरण गर्न एमालेले सो अभियान सुरु गरेको हो। एमालेको सचिवालयको पन्ध्रौँ बैठकले पार्टीको आन्तरिक जीवनलाई व्यवस्थित गर्न अभियान सञ्चालन गरी केन्द्रीय, प्रादेशिक र जिल्ला नेतालाई स्थानीय तहस्तरमा खटाउने निर्णय गरेको थियो। अभियानका लागि केन्द्रीय कमिटीका सदस्यहरू दुई महिना स्थानीय तहमै रहेर पार्टीले निर्धारण गरेका ११ वटा कार्ययोजना अनुसार कार्यसम्पादन गर्नुपर्नेछ।

हालसम्म नुवाकोटमा पार्टी सचिव गोकर्णराज विष्ट, जुम्लामा सचिव योगेशकुमार भट्टराई, पर्वतमा स्थायी कमिटी सदस्य खगराज अधिकारी, गोरखामा स्थायी कमिटी सदस्य किरण गुरूङ, उदयपुरमा स्थायी कमिटी सदस्य राजेन्द्र गौतम, बारामा पोलिटब्यूरो सदस्य पुरुषोत्तम पौडेल, बाँकेमा केन्द्रीय सदस्य डकबहादुर खड्का, तनहुँमा सचिव पद्मा अर्यालको उपस्थितिमा बैठक र भेला भई कार्यविभाजन भएको छ।

एमालेका केन्द्रीय सदस्य एवं प्रचार विभागका उपप्रमुख विष्णु रिजालले जनतालाई जागरूक बनाउँदै एमालेलाई बहुमतमा पुऱ्याउन कार्यकर्ता गाउँघरमा खटिने बताउनुभयो। उहाँले एमाले कुनै पनि शक्ति सामु नझुक्ने र आफ्नो बलमा उभिएर सही मुद्दाका साथ जनताको इजलाशमा खडा भएकाले जनताबाट न्याय पाउने अपेक्षामा रहेको जनाउनुभयो।

# राप्रपाद्वारा समर्थन फिर्ता

कर्णाली, १८ फागुन (रासस)।
राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले मुख्यमन्त्री राजकुमार शर्मा नेतृत्वको कर्णाली प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

कर्णाली प्रदेश प्रमुख तिलक परियारसमक्ष राप्रपाका प्रदेशसभा सदस्य सन्तोषी शाहीले बिहीबार लिखित पत्र बुझाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताउनुभयो। सङ्घीय सरकारमा रहेको राप्रपाले आफ्नो समर्थन फिर्ता लिएसँगै केन्द्रले पठाएको निर्णयअनुसार प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "परिवर्तित राजनीतिक परिवेशमा राप्रपा सत्तामा रहिरहनु उपयुक्त नहुने केन्द्र पार्टीले निर्णय गरेको छ। त्यही निर्णय मुताबिक राप्रपाले देशभरि प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिन्छ।" चालीस सदस्य रहेको कर्णाली प्रदेशसभामा राप्रपाको एक सिट मात्र रहेको छ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं
➤खुल्ला स्थानमा दिसापिसाब नगरौं।
➤शौचालयमा मात्र दिसापिसाब गरौं।
➤दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं।
➤हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं।
➤सफा कपडा वा तौलियाले हात पुछौं।
जीवाणुलगायतको संक्रमणबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं।
नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np